नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

**श्रम तथा रोजगार कार्यालय**

भन्सारमार्ग, टेकु, काठमाण्डौ।

# ट्रेड युनियन दर्ता/नविकरण सम्बन्धी सूचना

१. आ.व. २०८२/८३ को लागि ट्रेड युनियन दर्ता/नविकरणको काम कारवाही एकिकृत श्रम व्यवस्थापन सूचना प्रणाली (https://ilmis.dolos.gov.np/) बाट हुने भएकोले प्रतिष्ठान स्तरको ट्रेड युनियन दर्ता/नविकरणको लागि निवेदनसाथ पेश गर्नुपर्ने सबै विवरण एकिकृत श्रम व्यवस्थापन सूचना प्रणालीमा स्वयम अपलोड गरी कार्यालयमा निवेदन पेश भए पछिमात्र काम कारवाही अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

२. प्रतिष्ठान स्तरको ट्रेड युनियन दर्ता/नविकरणको लागि आवश्यक फारामहरु https://loba.gov.np/pages/downloads/ बाट डाउनलोड गर्न सकिनेछ।

३. ट्रेड युनियन ऐन, २०४९ को दफा ७ (क) बमोजिम यस श्रम तथा रोजगार कार्यालय, टेकु, काठमाण्डौमा दर्ता भएका प्रतिष्ठान स्तरका ट्रेड युनियनहरुले

क. ट्रेड युनियन नियमावलीको नियम ९(१) बमोजिम अवधि (प्रमाणपत्रमा उल्लेखित मान्य अवधि) समाप्त हुनु भन्दा तीन महिना अघि अनुसूची-७ बमोजिमको दस्तुर सहित पञ्जिकाधिकारी समक्ष आवश्यक कागजात संलग्न गरी दरखास्त दिनुहुन,

ख. उपनियम (२) बमोजिम ऐनको दफा ७क. बमोजिमको अवधि (प्रमाणपत्रमा उल्लेखित मान्य अवधि) भित्र नविकरणको लागि लाग्ने दस्तुरको थप पच्चीस प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष आवश्यक कागजात संलग्न गरी दरखास्त दिनुहुन,

ग. उपनियम (४) बमोजिम माथि उल्लेखित म्याद दरखास्त नदिएका प्रतिष्ठान स्तरीय ट्रेड युनियनहरुले ट्रेड युनियनको मान्य (प्रमाणपत्रमा उल्लेखित मान्य) अवधि समाप्त भएको ६ महिना भित्र नविकरणको लागि लाग्ने दस्तुरको थप ५०(पचास) प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष आवश्यक कागजात संलग्न गरी दरखास्त दिनुहुन ट्रेड युनियन नियमावली, २०५० (संशोधन सहित)को नियम ९ को उपनियम (३) बमोजिम सुचित गराइन्छ।

घ. उक्त अवधि भित्र नविकरणका लागि दरखास्त नदिने ट्रेड युनियनको दर्ता ट्रेड युनियन नियमावली, २०५० को नियम ९ को उपनियम ७ बमोजिम दर्ता कायम नरहने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यालय प्रमुख